अनुसूची-२
(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

भेरीगंगा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०९** **संख्याः ०१** **मितिः २०८३/०३/३२ गते**

भाग-१
**भेरीगंगा नगरपालिका**

## भेरीगंगा नगरपालिकाको आर्थिक ऐन २०८३

नगरसभाबाट पारित मिति : २०८३/०३/०३

**प्रस्तावना :** भेरीगंगा नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्ताव कार्यान्वयन गर्नका लागि स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा आय संकलनको प्रशासनिक व्यबस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ को उपधारा (४) तथा धारा ५९ को उपधारा (१) र (४) लाई आधार मानि नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भेरीगंगा नगरपालिकाको नगरसभाको उन्नाईसौं अधिवेशनले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

**(१) यस ऐनको नामः** भेरीगंगा नगरपालिकाको आर्थिक ऐन, २०८३ रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि भेरीगंगा नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

**२. सम्पत्ति करः** भेरीगंगा नगरपालिका क्षेत्रभित्र अनुसुची (१) बमोजिम सम्पत्ति कर लगाईनेछ र असुलउपर गरिनेछ।

**३. घर तथा जग्गा बहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा,पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएका संरचना वा जग्गामा अनुसूची (२) बमोजिम घरजग्गा बहाल कर लगाईने र असुलउपर गरिनेछ।

**४. व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र ब्यापार, ब्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाईने र असुलउपर गरिनेछ।

**५. सवारी साधन कर :** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची (४) बमोजिमको सवारी साधन कर लगाईने र असुलउपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहीबमोजिम हुनेछ।

**६. विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (५) बमोजिम बिज्ञापन कर लगाईने र असुलउपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्य व्यवस्था भएको अबस्थामा सोहीबमोजिम हुनेछ।

**७. मनोरञ्जन करः** नगरपालिका भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाईने र असुलउपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्य व्यवस्था भएको अबस्थामा सोहीबमोजिम हुनेछ।

**८. बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्र भित्रका ऐलानी, अव्यबस्थित बसोबासी र सार्वजनिक जग्गाहरु र सो जग्गामा निर्माण गरिएका अनुसुची (७) मा उल्लेख भएअनुसार का संरचनाहरुमा सोही अनुसूचीमा भएको ब्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुलउपर गरिनेछ।

**९. पार्किङ्ग शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा गराएवापत अनुसुची (८) बमोजिम पार्किङ्ग शुल्क लगाईने र असुलउपर गरिनेछ।

**१०. सेवा शुल्क तथा अन्य दस्तुरः** नगरपालिकाले निर्माण संचालन वा ब्यवस्थापन गरेका अनुसुची (९) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यबस्था भएअनुसार शुल्क तथा दस्तुर लगाईने र असुलउपर गरिनेछ।

**११. फोहरमैला व्यवस्थापन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहरमैला व्यबस्थापन गरेवापत फोहरमैला व्यबस्थापन शुल्क अनुसुची (१०) बमोजिम लगाईने र सोही अनुसार असुलउपर गरिनेछ।



भेरीगंगा नगरपालिकाको आर्थिक ऐन २०८३

**१२. कर तथा शुल्क संकलन सम्बन्धी कार्यबिधीः** यस ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोकेअनुसार हुनेछ।

**१३. भूमि तथा संरचना मुल्यांकन दरः** भेरीगंगा नगरपालिका क्षेत्रभित्र रहेका जग्गाहरु र सो जग्गामा निर्माण भएका विभिन्न प्रकारका संरचनाहरुको अनुसुची (११) बमोजिम मुल्यांकन गरिनेछ र अनुसुची (१) बमोजिम सम्पत्ति कर लगाईने र असुलउपर गरिनेछ।

**१४. बन पैदावार तथा बिक्री शुल्कः** नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक वन उपभोक्ता समितिबाट वन पैदावार तथा बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतका दरले बन पैदावार बिक्री शुल्क लगाई असुलउपर गरिनेछ।

**१५. कवाडी, जडीबुटीर जीवजन्तु निकासी करः**

(१)नगरपालिका क्षेत्रभित्र वा अन्य कुनैपनि स्थानीय तहमा यस दफाबमोजिम कर तिरेको निस्सा पेश नभएमा ओसारपसार गर्दा समेत कुनै व्यक्ति वा संस्थाले ऊन खोटो,जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुका हाड, सिंङ, प्वाख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूची (१२) बमोजिम जडीबुटी, कवाडी र जीवजन्तु कर लगाइने र असुलउपर गरिनेछ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनका लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा विजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनुपर्छ।

(२)उपदफा१ बमोजिम बस्तुको ब्यवसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय ईजाजत दिंदा कर बुझाउने शर्त तोकी ईजाजत दिनेछ।

**१६.जरिवाना हुनेः** तोकिएको अवधिभित्र वा आर्थिक बर्षभित्र कर नतिर्ने व्यक्ति वा निकायलाई थप २० प्रतिशत जरिवाना लगाईने र असुलउपर गरिनेछ।

## अनुसूची–१

## भेरीगंगा नगरपालिकाको आ.व. २०८३/०८४ मा असुलउपर गरिने सम्पत्ति करको दरः

(आर्थिक ऐन २०८३ को दफा २ संग सम्बन्धित)

**सम्पत्ति करको स्वीकृत दरः**

| क्र.सं. | करयोग्य सम्पत्तिको मूल्य | बर्षिक दर रु. |
|---|---|---|
| १ | रु. १ देखि ५ लाखसम्म | ५० |
| २ | ५ लाख १ देखि १० लाखसम्म | १५० |
| ३ | १० लाख १ देखि १५ लाखसम्म | २५० |
| ४ | १५ लाख १ देखि २० लाखसम्म | ३५० |
| ५ | २० लाख १ देखि २५ लाखसम्म | ४५० |
| ६ | २५ लाख १ देखि ३० लाखसम्म | ५५० |
| ७ | ३० लाख १ देखि ३५ लाखसम्म | ६५० |
| ८ | ३५ लाख १ देखि ४० लाखसम्म | ७५० |
| ९ | ४० लाख १ देखि ४५ लाखसम्म | ८५० |
| १० | ४५ लाख १ देखि ५० लाखसम्म | ९५० |
| ११ | ५० लाख १ देखि ५५ लाखसम्म | १०५० |
| १२ | ५५ लाख १ देखि ६० लाखसम्म | ११५० |
| १३ | ६० लाख १ देखि ६५ लाखसम्म | १२५० |
| १४ | ६५ लाख १ देखि ७० लाखसम्म | १३५० |
| १५ | ७० लाख १ देखि ७५ लाखसम्म | १४५० |
| १६ | ७५ लाख १ देखि ८० लाखसम्म | १५५० |
| १७ | ८० लाख १ देखि ८५ लाखसम्म | १६५० |
| १८ | ८५ लाख १ देखि ९० लाखसम्म | १७५० |
| १९ | ९० लाख १ देखि ९५ लाखसम्म | १८५० |
| २० | ९५ लाख १ देखि १ करोडसम्म | १९५० |
| २१ | १ करोड १ देखि १ करोड १० लाखसम्म | २४५० |
| २२ | १ करोड १० लाख १ देखि १ करोड २० लाखसम्म | २९५० |
| २३ | १ करोड २० लाख १ देखि १ करोड ३० लाखसम्म | ३४५० |
| २४ | १ करोड ३० लाख १ देखि १ करोड ४० लाखसम्म | ३९५० |
| २५ | १ करोड ४० लाख १ देखि १ करोड ५० लाखसम्म | ४४५० |







| क्र.सं. | करयोग्य सम्पत्तिको मूल्य | बर्षिक दर रु. |
|---|---|---|
| २६ | १ करोड ५० लाख १ देखि १ करोड ६० लाखसम्म | ४९५० |
| २७ | १ करोड ६० लाख १ देखि १ करोड ७० लाखसम्म | ५४५० |
| २८ | १ करोड ७० लाख १ देखि १ करोड ८० लाखसम्म | ५९५० |
| २९ | १ करोड ८० लाख १ देखि १ करोड ९० लाखसम्म | ६४५० |
| ३० | १ करोड ९० लाख १ देखि २ करोडसम्म | ६९५० |
| ३१ | २ करोड १ देखि२ करोड २० लाखसम्म | ७९५० |
| ३२ | २ करोड २० लाख १ देखि २ करोड ४० लाखसम्म | ८९५० |
| ३३ | २ करोड ४० लाख १ देखि २ करोड ६० लाखसम्म | ९९५० |
| ३४ | २ करोड ६० लाख १ देखि २ करोड ८० लाखसम्म | १०९५० |
| ३५ | २ करोड ८० लाख १ देखि३ करोडसम्म | ११९५० |
| ३६ | ३ करोड १ देखि३ करोड ३० लाख सम्म | १३९५० |
| ३७ | ३ करोड ३० लाख १ देखि३ करोड ६० लाखसम्म | १५९५० |
| ३८ | ३ करोड ६० लाख १ देखि३ करोड ९० लाखसम्म | १७९५० |
| ३९ | ३ करोड ९० लाख १ देखि ४ करोड ३० लाखसम्म | २०९५० |
| ४० | ४ करोड ३० लाख १ देखि ४ करोड ७० लाखसम्म | २३९५० |
| ४१ | ४ करोड ७० लाख १ देखि ५ करोडसम्म | २६९५० |
| ४२ | ५ करोड भन्दा माथिको सबै | प्रति लाखमा रु.५० का दरले थप हुँदै जानेछ। |

**द्रष्टब्यः** पुराना मालपोत कर बक्यौता असुली गर्दा २० प्रतिशत हर्जना लाग्नेछ,साथै प्रत्येक बर्षको पौषमसान्त भित्र भुक्तानी गरेमा १० प्रतिशत छुटको ब्यबस्था गरिएको छ। भेरीगंगा नगरपालिकाको क्षेत्रभित्र रहेका सम्पत्ति कर लागुहुनु अगाबैका पुरानो मालपोत प्रति रोपनी वार्षिक रु.२५। का दरले असुलउपर गरिने र एकमुष्ट जरिवाना वापत थप रु.२५ प्रतिशतका दरले असुलउपर गरिनेछ।

**नोटः** सम्पत्ति कर रसिदको प्रतिलिपी वापत प्रति प्रतिलिपी रु.५०. हुनेछ।

## अनुसूची–२

(आर्थिक ऐन,२०८३ कोदफा ३ सँग सम्बन्धित)

**१. बहाल कर : बहाल करको दर तपशिल बमोजिम हुनेछ।**

क. संस्था प्रयोजनका लागि १० प्रतिशत

ख. व्यवसायिक प्रयोजनका लागि ७ प्रतिशत

ग. आवाशीय प्रयोजनका लागि ५ प्रतिशत

घ. कृषि तथा अन्य प्रयोजनका लागि ३ प्रतिशत
(पहिला बहाल कर लिएर मात्र सम्पति कर लिईनेछ। )

**२. घर बहाल करका लागि मुल्यांकन दररेटः**

| क्र.सं. | स्थान | | शटर/कोठा | मासिक न्यूनतम् मुल्यांकन रु |
|---|---|---|---|---|
| १ | रत्न राजमार्ग बबईदेखि टेलिकमसम्म | बबई | शटर | ५०० |
| | | | कोठा | २०० |
| | | हर्रेदेखि तोलीखोला पुलसम्म | शटर | ६०० |
| | | | कोठा | ३०० |
| | | तोलीखोला पुलदेखि विद्धुत कार्यालय सम्म | शटर | १००० |
| | | | कोठा | ४०० |
| | | विद्धुत कार्यालयदेखि दुर्गा मन्दिरसम्म | शटर | २००० |
| | | | कोठा | १००० |
| | | दुर्गा मन्दिरदेखि शारदा माविसम्म | शटर | ५००० |
| | | | कोठा | १००० |
| | | शारदा माविदेखि टेलिकमसम्म | शटर | ३००० |
| | | | कोठा | १००० |
| | | बसपार्क चोकदेखि उद्योग बाणिज्य संघ भवनको चोकसम्म | शटर | ३००० |
| | | | कोठा | ७०० |
| २ | उद्योग बाणिज्य भवन रहेको चोकदेखी इलाका प्रहरी हुँदै छिन्चु खोला पुलसम्म | उद्योग बाणिज्य भवन रहेको चोकदेखि इलाका प्रहरी कार्यालयसम्म | शटर | २००० |
| | | | कोठा | ७०० |
| | | ईलाका प्रहरी कार्यालयदेखि छिन्चु खोला पुलसम्म | शटर | २००० |
| | | | कोठा | १००० |







| क्र.सं. | स्थान | | शटर/कोठा | मासिक न्यूनतम् मुल्यांकन रु |
|---|---|---|---|---|
| ३ | जहरे बजार क्षेत्र | झिङ्नी खोला देखि नाच्ने खोलासम्म | शटर | ३००० |
| | | | कोठा | १००० |
| | | जहरे भेरी पुल देखि गोलपार्कसम्म | शटर | २००० |
| | | | कोठा | १००० |
| ४ | रामघाट बजार क्षेत्र | रामघाट बजार क्षेत्र | शटर | २००० |
| | | | कोठा | १००० |
| ५ | झिङ्नी बजार क्षेत्र | झिङ्नी बजार क्षेत्र | शटर | १००० |
| | | | कोठा | ५०० |
| ६ | अन्य क्षेत्र | नखुलेका अन्य क्षेत्रहरु | शटर | १००० |
| | | | कोठा | ५०० |

**नोटः** घरधनीले स्वयं स्वघोषणा गरेकोमा न्यूनतम् मूल्यांकन भन्दा माथि भए सोही अनुसार हुने तथा बहाल सम्झौता भएकोमा सम्झौता अनुसार र सम्झौता न्यूनतम मूल्यांकन भन्दा कम भएमा न्यूनतम मूल्यांकन अनुसारहुनेछ।

**३. बहाल बिटौरी**

सार्वजनिक स्थलमा अस्थायी पसल गरेवापत, ऐलानी, सार्वजनिक जग्गाका संरचना प्रयोग गरेवापत मासिक रुपमा निम्नानुसार बहाल बिटौरी लिइनेछ। (आवासीय र व्यबसायिक क्षेत्रका लागि)

| | | |
|---|---|---|
| ३.१ | पक्की घर | रु. २००। |
| ३.२ | कच्ची घर | रु. १००। |
| ३.३ | कच्ची वा पक्की घरमा पसल गरेको | रु. २००। |
| ३.४ | ठेलागाडा र घुम्ती पसल | रु. १००। |

## अनुसूची–३

(आर्थिक ऐन,२०८२ को दफा ४ संग सम्बन्धित)

नगरपालिका भित्र दर्ता र नविकरण गर्दा देहाएको आधारमा व्यबसाय कर असुलउपर गरिनेछ ।

**उद्योग व्यवसायतर्फः**

| क्र. सं. | अधिकृत पूँजी | बार्षिक कर रु. | कैफियत |
|---|---|---|---|
| १ | १ लाखसम्म | ५०० | |
| २ | १ लाखदेखि ३ लाखसम्म | ७०० | |
| ३ | ३ लाखदेखि ५ लाखसम्म | १००० | |
| ४ | ५ लाखदेखि १० लाखसम्म | १५०० | |
| ५ | १० लाखदेखि १५ लाखसम्म | २५०० | |
| ६ | १५ लाखदेखि २० लाखसम्म | ३५०० | |
| ७ | २० लाखदेखि ३० लाखसम्म | ४५०० | |
| ८ | ३० लाख भन्दा माथी जति भएपनि | ६००० | |

**संचार सेवातर्फः**

| क्र.सं. | व्यबसायको विवरण | बार्षिक कर रु. |
|---|---|---|
| १ | केवल नेटवर्क तथा इन्टरनेट सेवा | १५००० |
| २ | एफ.एम. रेडियो | १५०० |
| ३ | कुरियर सेवा | ५०० |
| ४ | फोन, फ्याक्स, फोटोकपी तथा साइबर संचालन | ५०० |

**वित्तिय सेवातर्फः**

| क्र.सं. | बित्तिय संस्थाको किसिम | बार्षिक कर रु. |
|---|---|---|
| १ | लघुबित्त कम्पनी | ७००० |
| २ | बीमा कम्पनी | १०००० |
| ३ | मनी एक्चेन्जर | ७००० |
| ४ | सहकारी संस्था (१ करोडसम्म कारोबार गर्ने) | १००० |
| ५ | सहकारी संस्था (१करोड १ देखि ५ करोडसम्म कारोबार गर्ने) | २००० |
| ६ | सहकारी संस्था (५ करोड १ देखि १० करोडसम्म कारोबार गर्ने) | ३००० |
| ७ | सहकारी संस्था (१० करोडभन्दा माथि कारोबार गर्ने) | ५००० |





भेरीगंगा नगरपालिकाको आर्थिक ऐन २०८३

| क्र.सं. | बित्तिय संस्थाको किसिम | बार्षिक कर रु. |
|---|---|---|
| ८ | विमा शाखा | ३००० |
| ९ | विमा एजेन्ट | १००० |
| १० | मनि ट्रान्सफर | २००० |
| ११ | निजी स्तर बाणिज्य बैंक मुख्य कार्यालय | ५०००० |
| १२ | बाणिज्य बैंक शाखा कार्यालय | १५००० |
| १३ | बिकास बैंक मुख्य कार्यालय | ३०००० |
| १४ | बिकास बैंक शाखा कार्यालय | १०००० |
| १५ | फाईनान्स मुख्य कार्यालय | २५००० |
| १६ | फाईनान्स शाखा कार्यालय | १०००० |

**स्वास्थ्य सेवातर्फः**

| क्र.सं. | व्यबसायको किसिम | बार्षिक कर रु. |
|---|---|---|
| १ | निजी अस्पताल तथा नर्सिङ्ग होम | १०००० |
| २ | एमआरआई,सिटिस्क्यान, अल्ट्रासाउन्ड क्लिनिक, पोलीक्लिनिक | ८००० |
| ३ | फार्मेसी | ७००० |
| ४ | मेडिकल हल | ३५०० |
| ५ | प्याथोलोजी | ५५०० |
| ६ | अक्यूपञ्चर | ४००० |
| ७ | एक्सरे | ४००० |
| ८ | (चिकित्सा सेवा सहित)चस्मा पसल | ३००० |
| ९ | (चिकित्सा रहित) चस्मा पसल | २००० |
| १० | बैद्य खाना तथा अन्य क्लिनिक | २००० |
| ११ | सर्जिकल सामान बेच्ने | ३५०० |
| १२ | दन्त क्लिनिक | ३५०० |
| १३ | एग्रोभेट | २००० |
| १४ | आयुर्वेद औषधालय | २००० |

**शिक्षा सेवातर्फः**

| क्र.सं. | विद्यालयको किसिम | बार्षिक कर रु. |
|---|---|---|
| १ | निजी क्याम्पस | २५००० |
| २ | निजी मा.वि. | १५००० |
| ३ | निजी आधारभूत | १२००० |
| ४ | निजी प्रा.वि, पूर्व प्रा.बि, छात्रबास | ८००० |
| ५ | पोलिटेक्निकल ईन्सच्यूट, प्रशिक्षण समेत | १०००० |
| ६ | नर्सिङ, सिएमए, एचए प्रशिक्षण समेत | १५००० |
| ७ | एजुकेस्नल कन्सल्टेन्सी सेवा | ७००० |
| ८ | कम्प्यूटर ईलेक्ट्रोनिक्स तालिम सेन्टर | ५००० |
| ९ | सवारी चालक तालिम सेन्टर | ४००० |
| १० | भाषा,शिक्षा कोचिङ सेन्टर | ५००० |
| ११ | मोन्टेश्वरी | ५००० |

| **गैरसरकारी संस्था :** बार्षिक कर रु. | | |
|---|---|---|
| १ | अन्तर्राष्ट्रिय संस्था | ३०००। |
| २ | गैरसरकारी संस्था | १०००। |

**कृषि तथा पशुपन्छीतर्फः**

| क्र. सं. | व्यबसायको किसिम | बार्षिक कर रु. |
|---|---|---|
| १ | कृषि तथा पशुपंक्षी फर्म | १० लाखसम्मको १०००<br>१० लाखभन्दा माथि २००० |
| २ | कृषि तथा पशुपंक्षी समूह | ३०० |

**बसपार्कतर्फः**

| क्र.सं. | किसिम | बार्षिक कर रु. |
|---|---|---|
| १ | २५ वटासम्म सवारी साधन भएका प्रा.लि. | ५०००। |
| २ | २६ देखि ५० वटासम्म सवारी साधन भएका प्रा.लि. | १००००। |
| ३ | ५१ देखि १०० वटासम्म सवारी साधन भएका प्रा.लि. | १५०००। |
| ४ | १०० भन्दा बढी सवारी साधन भएका प्रा.लि. | २००००। |







**बसपार्क प्रयोग सुचिकृत शुल्कः**

| सि.नं. | किसिम | सुचीकृत रकम बार्षिक रु |
|---|---|---|
| १ | १ देखि २५ वटासम्म सवारी साधन भएका प्रा.लि. | २०००। |
| २ | २५ देखि ५० वटासम्म सवारी साधन भएका प्रा.लि. | ३०००। |
| ३ | ५१ देखि १०० वटा सवारी साधन भएका प्रा.लि. | ४०००। |
| ४ | १०० वटा भन्दा माथि सवारी साधन भएका प्रा.लि. | ५०००। |
| | अटो तथा ईरिक्सा | |
| १ | १ देखि १० वटासम्म अटो भएका समिति | ५००। |
| २ | ११ देखि २० वटासम्म अटो भएका समिति | १०००। |
| ३ | २१ देखि ३० वटासम्म अटो भएका समिति | १५००। |
| ४ | ३१ देखि माथि अटो भएका समिति | २००० |

**बसपार्क प्रवेश शुल्क**

१. लामो दुरीमा चल्ने ठुला सवारी साधन – रु. १००।
२. लामो दुरीमा चल्ने साना सवारी साधन – रु. ७५।
३. छोटो दुरीमा चल्ने ठुला सवारी साधन – रु. ५०।
४. छोटो दुरीमा चल्ने साना सवारी साधन – रु .४०।
५. रात बिताउनुपर्ने भएमा पार्किङ शुल्क (प्रतिदिन)
    क. बस/ट्रक रु २००।
    ख. माइक्रो बस तथा अन्य रु १००।

नगरपालिकामा दर्ता भएका विभिन्न संघ संस्था, सहकारी, टोल विकास संस्था, खानेपानी तथा नक्सापास प्रमाण पत्रको प्रतिलिपी वापत रु. ५००।
ब्यवसाय कर प्रमाणपत्र प्रतिलिपी रु.१००।
ब्यवसाय दर्ता निवेदन शुल्क रु.१००।
बिटुबिन बोईलर : बार्षिक कर रु.२५,०००।
क्रसर उद्योगबार्षिक कर रु.२५,०००।

**नोटः** कर्णाली प्रदेश सरकारको कार्यविधीमा राख्न सकिने र सोको लागि स्थानिय सरकारले अनुमती दिन सक्ने ब्यबस्था भएबमोजिम आयोजनाको अस्थाई क्रसर उद्योग तथा विट्रविन बोईलर राख्न आयोजना अवधीभर रु.१ लाख २५ हजार अनुमती शुल्क लाग्ने छ। अन्य ब्यवसाय दर्ता र नविकरण शुल्क प्रदेश कानूनबमोजिम हुनेछ।

## अनुसूची–४
(आर्थिक ऐन २०८३ को दफा ५ संग सम्बन्धित)

**सवारी साधन करः**

नगरपालिका क्षेत्रभित्र रहेका प्रत्येक सवारी साधनको सूची तयार गरि निम्न अनुसार वार्षिक कर लिईनेछ।

| क्र.सं. | सवारी साधन प्रकार | बार्षिक दर रु. |
|---|---|---|
| १ | बस, ट्रक, लहरी र अन्य हेभी गाडी | १०००।- |
| २ | कालो प्लेटको कार, जीप र भ्यान | ५००।- |
| ३ | मिनि/माईक्रो वस, मिनि ट्रक | ५००।- |
| ४ | रातो प्लेट भएको कार, टेम्पो तथा मिनि वस | ५००।- |
| ५ | अटो रिक्सा | कार्यविधि बमोजिम |
| ६ | रातो/कालो प्लेट भएको भाडामा चल्ने ट्र्याक्टर | ५००।- |
| ७ | ठेलागाडा तथा रिक्सा, अटोरिक्सा | १००।- |
| ८ | ठेला, रिक्सा, टाँगा दर्ता गरी नम्बर दिएको | २००।- |
| ९ | अटो रिक्सा दर्ता | १०००। |
| १० | अटो रिक्सा कर (बार्षिक) | ५००। |
| ११ | अटो रिक्सा रुट परमिट प्रतिलिपी | १००। |
| १२ | अटो रिक्सा रुट परमिट | ५००। |
| १३ | अटो रिक्सा रुट परमिट परिवर्तन | ५००। |
| १४ | अटो रिक्सा ठाउँसारी/नामसारी | ५००। |
| १५ | नामसारी/ठाउँसारी रिक्सा, टाँगा, ठेला | ३००। |

**कार्यालयमा रहेका सवारी साधन कर :**

| १ | सवारी साधन भाडा महशुल | प्रति घण्टा रु. | दैनिक रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १.१ | व्याक हो लोडर उपभोक्ता | ९०० | | साधन प्रयोग गर्नेले अग्रिम रुपमा कम्तीमा ५० प्रतिशत रकम जम्मा गर्नुपर्नेछ। भाडा न.पा.को कार्यालय देखि कार्यालयमा फिर्ता भएको समयसम्म लग बुक भरेका आधारमा लागु हुनेछ। अपरेटरको खाना खाजा भत्ता वापत हेल्पर सहितको दैनिक रु. ८००।- टिप्परको लागि रु.४००। भाडामा लैजानेले व्यहोर्नु पर्नेछ। साथै स्वयम् व्यक्तिले भाडामा लिनेले तेल आफै हाल्नुपर्नेछ। |
| | व्याक हो लोडर बाहिरी प्रयोजन | १२०० | | |
| १.२ | टिप्पर (दैनिक ८ घण्टा) | | ५००० | |
| १.३ | एम्बुलेन्स सेवा | | कार्यविधि बमोजिम | |







## अनुसूची–५
(अर्थिक ऐन २०८३ को दफा ६ सँग सम्बिन्धत)

**विज्ञापन कर :**

| क्र सं. | विज्ञापन कर असुली विवरण दररेटः | दर रु. |
|---|---|---|
| १ | होडिङ बोर्ड प्रति स्क्वायर फिट | ७० |
| २ | सब बोर्ड प्रति स्क्वायर फिट | ५० |
| ३ | सानो बोर्डका लागि २० स्क्वायर फिटसम्म | १००० |
| ४ | २० स्क्वायर फिट देखि ३० स्क्वायर फिटसम्म | १५०० |
| ५ | वाल पेन्टिङ प्रति स्क्वायर फिट | ३५ |
| ६ | ग्लो साईनबोर्ड प्रति स्क्वायर फिट | ८५ |
| ७ | पोल ब्यानर हप्ताको प्रति स्क्वायर फिट | ५० |
| ८ | ब्यानर सडक वारपार भएको बढीमा १५ दिनसम्मको लागि | १०० |
| ९ | मदिरा तथा सुर्तिजन्यमा थप५० प्रतिशत कर लाग्नेछ | |

## अनुसूची–६
(आर्थिक ऐन २०८३ को दफा ७ सँग सम्बन्धित)

**मनोरञ्जन करः** मेला, महोत्सव तथा अन्य (कृषि प्रदर्शनी र परम्परागत सांस्कृतिक जमघट बाहेक)

| क्र.सं. | बिबरण | दर रु |
|---|---|---|
| १ | एक दिनको कार्यक्रम | ५०००। |
| २ | सात दिनसम्मको कार्यक्रम | प्रतिदिन ४०००। |
| ३ | पन्ध्र दिनसम्मको कार्यक्रम | प्रतिदिन ३०००। |

द्रष्टव्य : मेला महोत्सवको हकमा फोहोर व्यवस्थापन शुल्क वापत एकमुष्ट१ दिने कार्यक्रम रु.५ हजार, थप७ दिनसम्म कार्यक्रम रु. ८ हजार,१५ दिनसम्म कार्यक्रममा रु. १० हजार थप शुल्क लिइनेछ।

## अनुसूची–७

(आर्थिक ऐन २०८३ को दफा ८ सँग सम्बन्धित)

### (१) बहाल बिटौरी शुल्क :

**(क)** ऐलानी, अव्यबस्थित बसोवासीर सार्वजनिक जग्गामा बनेका संरचनाहरुमा अनुसुची ११.ख अनुसारको संरचना करमा निम्नानुसारको रकम छुट दिई बार्षिक बहाल बिटौरी शुल्क लिइनेछ ।

| क.सं. | जग्गाको प्रकृति | बहाल बिटौरी शुल्क रु. |
|---|---|---|
| १ | शुद्ध ऐलानी जग्गामा बनेका संरचना | संरचनाको मूल्यांकन दरको ५० प्रतिशत छुट |
| २ | फिल्डबुक मात्र कायम भएको जग्गामा बनेका संरचना | संरचनाको मूल्यांकन दरको ३० प्रतिशत छुट |
| ३ | पुर्जा प्राप्त गर्न मात्र बाँकी जग्गामा बनेका संरचना | संरचनाको मूल्यांकन दरको १० प्रतिशत छुट |

**(ख) विटौरी शुल्क :**

ऐलानी, अव्यबस्थित बसोवासी र सार्वजनिक जग्गा प्रयोग गरेवापत अनुसुची ११.क अनुसारको भूमि मूल्यांकन दरबमोजिमको सम्पती करमा तपशिलबमोजिमको रकम छुट दिई बार्षिक बिटौरी शुल्क लिइनेछ ।

| क. सं. | जग्गाको प्रकृति | बिटौरी शुल्क रु. |
|---|---|---|
| १ | शुद्ध ऐलानीजग्गा | सम्पति करको ५० प्रतिशत छुट |
| २ | फिल्डबुक मात्र कायम भएको जग्गा | सम्पति करको ३० प्रतिशत छुट |
| ३ | पुर्जा प्राप्तगर्न मात्र बाँकी जग्गा | सम्पति करको १० प्रतिशत छुट |

## अनुसूची–८

(आर्थिक ऐन, २०८३ को दफा ९ संग सम्बन्धित)

| सि.नं. | पार्किङ शुल्क | शुल्क प्रति घण्टा | |
|---|---|---|---|
| १.१ | बस, ट्रक, ट्याक्टर (एक घण्टासम्म) | २० | बस पार्क स्थलको व्यबस्था भएपछि मात्र लाग्ने |
| १.२ | मिनि, माईक्रो बस, जीप, कार (एक घण्टासम्म) | १५ | |
| १.३ | मोटरसाइकल (एक घण्टासम्म) | १० | |
| १.४ | सबै साधन १ घण्टा भन्दा बढी भएमा | प्रतिघण्टा थप ५ | |
| १.५ | अटो रिक्सा, ठेला, गाडा र अन्य साधन प्रति महिना | १०० | |







नगर क्षेत्रभित्रको बजार क्षेत्रहरुमा सवारी साधन पार्किङ सम्बन्धमा सरोकारवाला पक्षहरु बीच छलफल गरी शुल्क तय गरिनेछ।

## अनुसूची–९

(आर्थिक ऐन २०८३ को दफा १० सँग सम्बन्धित )

❖ **सेवा शुल्क तथा अन्य दस्तुरः**

१. सार्वजनिक शौचालय उपयोग सेवा शुल्क :

१.१ पिसाव गर्दा प्रति व्यक्ति रु. १०।–

१.२ दिसा गर्दा प्रति व्यक्ति रु. १०।–

१.३ नुहाउँदा प्रति व्यक्ति रु. २०।–

| २. | *कान्जी हाउस दस्तुर* | दर रु. | पक्रेर ल्याउनेलाई लाग्ने दस्तुरको ५० प्रतिशत पुरस्कार दिइनेछ । |
|---|---|---|---|
| २.१ | बंगुर सुंगुर प्रति दिन प्रति जिउ | ३० | |
| २.२ | घोडा, खच्चड, गधा प्रति दिन प्रति जिउ | २५ | |
| २.३ | खसी बोका, बाखा, भेडा प्रति दिन प्रति जिउ | १० | |
| २.४ | गाई, गोरु, भैंसी, राँगा प्रति दिन प्रति जिउ | २५ | |
| २.५ | पशुको दुधे बच्चा सहित माउ आएमा दुध खाने बच्चाको दस्तुर लिइने छैन । | | |
| **३. सरकारी स्रोत उपयोग वापत** | | | |
| ३.१ | नगरपालिका नयाँ हल भाडा (प्रति दिन) | १५००। | |
| ३.२ | नगरपालिका पुरानो हल भाडा (प्रति दिन) | १०००। | |
| ३.३ | कुर्ची मात्र (न.पा. हल भन्दा बाहिर) प्रति कुर्सी प्रति दिन | १०। | |

**द्रष्टव्य :** कुर्ची टुटफुट भएमा बजार मूल्य अनुसार उपयोग गर्नेले व्यहोर्नु पर्नेछ।

## ४. घर नक्सा तथा अभिलेखिकरण पास दस्तुर रु. :

| क्र. सं. | घरको बनावट | व्यापारीक प्रयोजन | | | आवासीय प्रयोजन | | |
|---|---|---|---|---|---|---|---|
| | | राजमार्ग | आय पिच | अन्य | राजमार्ग | आय पिच | अन्य |
| १. आर सि.सि. ढलान बनावट | | | | | | | |
| क | भूई तला | ४ | ३ | ३ | ३ | २ | २ |
| ख | प्रथम तला | ५ | ४ | ३ | ४ | ३ | २ |
| ग | दोश्रो तथा सो भन्दा माथि | ६ | ५.५ | ५ | ५ | ४.५ | ४ |
| २. लोड वयरिङ्ग वनावटको ढलान तथा कडीपोल | | | | | | | |
| क | भूई तला | ४ | ३ | २.७५ | ३ | २ | १.७५ |
| ख | प्रथम तला | ४ | ३ | ३ | ३ | २ | २ |
| ग | दोश्रो तथा सो भन्दा माथि | ५ | ४ | ३ | ४ | ३ | २ |
| ३. इट्टालाई मसलाले जोडेर बनेको जस्ता छाना भएको | | | | | | | |
| क | भूई तला | २.५० | २ | १.७५ | १.५० | १ | ०.७५ |
| ख | प्रथम तला | ३.२५ | २.७५ | २ | २.२५ | १.७५ | १ |
| ग | दोश्रो तथा सोभन्दा माथि | ३.५० | ३ | २.२५ | २.५० | २ | १.२५ |

- ❖ घर नक्सा पास दरखास्त फाराम रु.५००।–
- ❖ घर नक्सा अभिलेखिकरण दरखास्त फाराम रु.५००।–
- ❖ कन्सल्टेन्ट सुचीकृत तथा नविकरण रु.५०००।–

नक्सा नामसारी प्रति वर्गफुट रु.२।– (पक्की घरको लागि मात्र)

## ४. नक्सा पास गर्दा रेखांकन शुल्क (लेआउट)

(क) ६५ वर्ग मी.सम्म ७००।

(ख) ६६ वर्ग मी. देखि ९० वर्ग मी. सम्म १०००।

(ग) ९१ वर्ग मी. देखि ११५ वर्ग मी. सम्म १२००।

(घ) ११६ वर्ग मी. देखि माथि २०००।

(ङ) आइ. एस. पी. प्रोभाइडर ३०००।

**नोट :**

- नक्सापास प्रकृयामा रहेको अवस्थामा।
  - अ) एक चरण अगाडीको कार्यसुरु गरेमा प्रति वर्ग फिट ५ प्रतिशत
  - आ) एक चरण अगाडीको कार्य सम्पन्न गरेमा प्रति वर्ग फिट १० प्रतिशत







- पूर्व स्वीकृति लिई नक्सापास भएको हकमा थप संरचनाको मात्र प्रचलित नियमानुसार दस्तुर लिने।
- नक्सापास गरिसकेपछि दुई वर्ष भित्र निर्माण कार्य गरिसक्नुपर्नेछ। यदि सो अवधि भित्र निर्माण सम्पन्न नभएमा म्याद थप गर्दा पहिले लागेको दस्तुरको ५ प्रतिशत थप दस्तुर लिई पुनः दुई वर्षको म्याद थप गरिनेछ।

**नोटः** मर्मत सुधारका लागि क्षेत्रफल खुलाई पेश गर्नुपर्ने। मर्मत सुधारको इजाजत दिंदा प्रति वर्गफुट ५० पैसा लाग्नेछ।

नगरपालिका क्षेत्रभित्रका सडक क्षेत्रमा व्यापारिक तथा घरायसी प्रयोजनका लागि कुनैपनि मालसामान, सामग्री आदी राख्न पाइनेछैन। यदी सडक अवरोध हुने गरी सामग्री मालसामान छाप्रो ठेला रिक्सा राखेमा निम्नानुसार दस्तुर लिइनेछ।

बजार क्षेत्रमा ओगटेको क्षेत्रफलको आधारमा प्रतिदिन प्रति वर्गफिट : रु. ५।–
आवासीय तथा अन्य क्षेत्रमा प्रतिदिन प्रति वर्गफिट : रु. १।–

## ५. बिभिन्न सिफारिस दस्तुर, सेवा शुल्क तथा अन्य राजश्व :

| क्र.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| ५.१ | क. नागरिकता सिफारिस फाराम सहित बंशज | निःशुल्क | |
| | ख. नागरिकता सिफारिस फाराम सहित बैवाहिक अंगिकृत | | |
| ५.२ | नागरिकता प्रतिलिपी सिफारिस | २५०। | |
| ५.३ | सामान्य सिफारिस दस्तुर | २५०। | |
| ५.४ | नाम, थर संशोधन सिफारिस | २५०। | |
| ५.५ | नाता प्रमाणित सिफारिस | २५०। | |
| ५.६ | नाता कायम सिफारिस | २५०। | |
| ५.७ | पारिवारिक विवरण सिफारिस | २५०। | |
| ५.८ | बसोबास/स्थायी बासिन्दा प्रमाणित सिफारिस | २५०। | |
| ५.९ | पिछडिएको क्षेत्र सिफारिस | २५०। | |
| ५.१० | नाबालिग सिफारिस | २५०। | |
| ५.११ | जन्म मिति प्रमाणित सिफारिस | २५०। | |
| ५.१२ | बैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | २५०। | |
| ५.१३ | अविवाहित प्रमाणित सिफारिस | २५०। | |
| ५.१४ | व्यक्ति प्रमाणित सिफारिस | २५०। | |
| ५.१५ | व्यवसाय दर्ता सञ्चालन सिफारिस | २५०। | |
| ५.१६ | मदिरा व्यवसाय सिफारिस चार किल्ला सहित | १०००। | |
| ५.१७ | व्यक्तिगत घटना दर्ता (३५ दिन पछि) | २००। | |

| क्र.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| ५.१८ | घर नभएको जग्गा खरिद विक्रि, बकसपत्र, सट्टापट्टा आदि प्रयोजनका लागि मालपोत कार्यालयलाई गरिने सिफारिसमा (ग फारम) | ६००। | |
| ५.१९ | घर समेत भएको जग्गा सिफारिस | ६००। | |
| ५.२० | जग्गा वालाको मृत्यू पछि नामसारी वा अंशबण्डा प्रयोजनका लागि मालपोत कार्यालयलाई गरिने सिफारिस | ६००। | |
| ५.२१ | पेन्सनपट्टा सिफारिस (स्वदेशी) | ६००। | |
| ५.२२ | पेन्सनपट्टा सिफारिस (विदेशी) | १०००। | |
| ५.२३ | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी, ठाँउसारी सिफारिस (आवासीय) | २५०। | |
| ५.२४ | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी, ठाँउसारी सिफारिस (व्यवसायिक) | ६००। | |
| ५.२५ | चार किल्ला प्रमाणित | २५०। | |
| ५.२६ | चार किल्ला प्रमाणित (मुचुल्का सहित) | ६५०। | |
| ५.२७ | सिफारिस दस्तुर (योजना माग सिफारिस समेत) | २५०। | |
| ५.२८ | आर्थिक सहायता सिफारिस | निशुल्क | |
| ५.२९ | वस्तुगत विवरण (घर, गोठ, टहरा) भए नभएको प्रमाणित सिफारिस, शहरी | ३००। | |
| ५.३० | वस्तुगत विवरण (घर, गोठ, टहरा) भए नभएको प्रमाणित सिफारिस, ग्रामीण | २५०। | |
| ५.३१ | अस्थाई घर ईजाजत दस्तुर | २५०। | |
| ५.३२ | जग्गा नामसारी प्रति रोपनी शहरी बजार क्षेत्र | ७०। | |
| ५.३३ | जग्गा नामसारी प्रति रोपनी अन्य क्षेत्र | ३५। | |
| ५.३४ | छात्रवृत्ति सिफारिस दस्तुर | २५०। | |
| ५.३५ | खाता खोल्ने सिफारिस दस्तुर | २५०। | |
| ५.३६ | खाता बन्द सिफारिश | २५०। | |
| ५.३७ | अंग्रेजी सिफारिस दस्तुर | ५००। | |
| ५.३८ | आयुर्वेद औषधालय नाम दर्ता दस्तुर | निशुल्क | |
| ५.३९ | पशु तथा कृषि सेवा नाम दर्ता दस्तुर | ५०। | |
| ५.४० | राहदानी सिफारिस दस्तुर | ५००। | |
| ५.४१ | पानी घट्ट दर्ता दस्तुर | १०००। | |
| ५.४२ | पानी घट्ट नविकरण दस्तुर | ५००। | |
| ५.४३ | सुधारिएको घट्ट दर्ता दस्तुर | १२००। | |
| ५.४४ | सुधारिएको घट्ट नविकरण दस्तुर | ५००। | |





भेरीगंगा नगरपालिकाको आर्थिक ऐन २०८३

| क्र.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| ५.४५ | न्यायिक समिति निवेदन दस्तुर | २००। | |
| ५.४६ | न्यायिक समिति निर्णय प्रतिलिपी प्रति पाना | निशुल्क | |
| ५.४७ | लिखित जवाफ दस्तुर | १५०। | |
| ५.४८ | म्याद सूचना दस्तुर | १५०। | |
| ५.४९ | मिलाएको संयुक्त निवेदन दस्तुर | २५०। | |
| ५.५० | लेनदेन कागज दस्तुर | ५००। | |
| ५.५१ | घर कायम दस्तुर | ५००। | |
| ५.५२ | उद्योग तथा फर्म दर्ता मुचुल्का | ५००। | |
| ५.५३ | उद्योग तथा फर्म दर्ता सिफारिश | २५०। | |
| ५.५४ | वडा तथा नगरबाट गरिने अन्य सम्पूर्ण सिफारिस दस्तुर | २५०। | |
| ५.५५ | घ वर्गको इजाजत पत्र नामसारी | १०००। | |
| ५.५६ | विधान संशोधन | १०००। | |
| ५.५७ | टोल विकास संस्थाहरुले गर्ने सिफारिश दस्तुर | १००। | |
| ५.५८ | खानेपानी व्यवस्थापन, सरसफाई तथा फोहोरमैला व्यबस्थापन र सिंचाई दर्ता तथा नविकरण | मुहान दर्ता (सिंचाई), खानेपानी, सरसफाई फोहोरमैला शुल्क सम्वन्धित कार्यविधि अनुसार हुनेछ । | |
| **कक्षा थप अनुमति सिफारिस दस्तुर** | | | |
| ५.५९ | सामुदायिक विद्यालय कक्षा ९ र १० | ५०००। | ८ सम्म नि:शुल्क |
| ५.६० | सामुदायिक विद्यालय कक्षा ११ र १२ | ५०००। | |
| **संस्थागत विद्यालय अनुमति दस्तुर** | | | |
| ५.६१ | कक्षा १ देखि ५ सम्म | १००००। | |
| ५.६२ | कक्षा ६ | १२०००। | |
| ५.६३ | कक्षा ७ र ८ | १५०००। | |
| ५.६४ | कक्षा ९ र १० | २००००। | |
| ५.६५ | कक्षा ११ | २५०००। | |
| ५.६६ | कक्षा १२ | २००००। | |
| **शिक्षक सरुवा, सिफारिस अनुमति, अभिलेख** | | | |
| ५.६७ | प्रा.वि. | ७००। | |
| ५.६८ | आ.वि. (६ देखि ८) | १०००। | |
| ५.६९ | मा.वि. (९ र १०) | १५००। | |
| ५.७० | मा.वि ११ र १२ | २०००। | |

| क्र.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| ५.७१ | कक्षा ८ ग्रेडसिट | ३५०। | |
| ५.७२ | अनुमतिको निवेदन | १०००। | |
| ५.७३ | ट्यूसन सेन्टर, कोचिङ्ग सेन्टर परामर्श दस्तुर | १००००। | |
| ५.७४ | ट्यूसन सेन्टर, कोचिङ्ग सेन्टर परामर्श नविकरण | ५०००। | |
| ५.७५ | तलब प्रमाणित | १००। | |
| ५.७६ | विद्यालयको खाता खोल्ने, प्रतिलिपी तथा अन्य सिफारिस | १००। | |
| ५.७७ | रोष्टर बिशेषज्ञ आधारभुत | ५००। | |
| ५.७८ | रोष्टर बिशेषज्ञ मावि | ६००। | |
| **६.घर बाटो प्रमाणित दस्तुर** | | | |
| ६.१ | (क) राजमार्ग | ४००। | |
| | (ख) ग्राभेल | ३५०। | |
| | (ग) कच्ची बाटो | ३००। | |
| | (घ) भित्री खेतियोग्य जग्गा | २५०। | |
| ६.२ | रुख कटान सिफारिस (सिसौ, साबुन,सिमल, खयर, बकाइनो,बबुर, लिप्टीस तथा अन्य प्रति रुख | ३००। | |
| ६.३ | कागजातको नक्कल प्रति पाना | १०। | |
| ६.४ | नक्साको प्रतिलिपी प्रति थान | ३००। | |
| ६.५ | मोही जग्गा नामसारी प्रति रोपनी शहरी | ५०। | |
| ६.६ | मोही जग्गा नामसारी प्रति रोपनी ग्रामीण | ४०। | |
| ६.७ | जीर्ण श्रेस्ता जग्गाधनी प्रतिलिपी सिफारिस | २५०। | |
| ६.८ | श्रेस्ता कार्यान्वयन सिफारिस | २५०। | |
| ६.९ | (व्यापार/व्यवसाय)नामसारी, ठाउंसारी नगर बाहिर | १०००। | |
| ६.१० | (व्यापार/व्यवसाय) नामसारी, ठाउँसारी नगर भित्र | ५००। | |
| ६.११ | अमिन सेवा शुल्क (व्यक्तिगत र विवादित जग्गा छुट्याउँदा प्रति कित्ता तथा घर नक्सा सर्जमिन | २०००। | |
| ६.१२ | घर नक्सा प्रमाणपत्र प्रतिलिपि | ६००। | |
| ६.१३ | बाउन्ड्री/प्रति वर्ग फिट | २। | |
| ६.१४ | सूचना प्रिन्ट प्रति पेज थप प्रति पाना | १०। | |
| ६.१५ | अध्ययन प्रतिवेदन विद्यार्थी सिफारिस | २५०। | |
| ६.१६ | काचो छाला निकासी/छाला | ३००। | |
| ६.१७ | मल्टीमिडिया (प्रोजेक्टर) भाडा प्रति दिन | ५००। | |







| क्र.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| ६.१८ | तेलजन्य पदार्थ निकासी प्रति लिटर | २। | |
| ६.१९ | पशु प्रबेश शुल्क प्रति जिउ | ५०। | |
| ६.२० | पशु हाट बजारमा पशु खरिद विक्री प्रति जिउ | १००। | |
| ६.२१ | पशु हाट बजारमा पशु सट्टा पट्टा प्रति जिउ | ५०। | |
| ६.२२ | पशु हाट बजारमा प्रति जिउ | ५०। | |
| ६.२३ | मनोरन्जन कर सिनेमा हल प्रवेश शुल्कको | २ प्रतिशत | |
| ६.२४ | घरनक्सा संसोधन ग्रामिण | ५००। | |
| ६.२५ | घरनक्सा संसोधन शहरी | १०००। | |
| ६.२६ | नीजी विद्यालय स्थापना सिफारिस शुल्क | ३०००। | |
| ६.२७ | निजी विद्यालय थप कक्षा संचालन सिफारिस | १०००। | |
| ६.२८ | कृषि तथा पशु विकास सम्बन्धि अन्य सिफारिस | २५०। | |
| ६.२९ | कृषि तथा पशु समूह दर्ता | ५००। | |
| ६.३० | कृषि तथा पशु समूह नबिकरण | १००। | |
| ६.३१ | राशायनिक मल विक्रेता प्रमाणपत्र | १०००। | |
| ६.३२ | राशायनिक मल विक्रेता नविकरण | ५००। | |
| ६.३३ | पशू निकासी इजाजत सिफारिश (राँगा भैंसी, गोरु, गाई, बाखा, भेडा, बंगुर)प्रति गोटा | १००। | |
| ६.३४ | नामसारी बस,ट्रक | १५००। | |
| ६.३५ | नामसारी ट्याम्पु, ट्याक्टर, जीप | १०००। | |
| ६.३६ | व्यवसाय संचालन सम्बन्धी निवेदन दस्तुर | १००। | |
| **७. आय श्रोत मूल्याङ्कन सिफारिस दस्तुरः** | | | |
| ७.१ | सम्पति मुल्यांकन शुल्क | ०.१ प्रतिशत | |
| ७.२ | आयश्रोत प्रमाणित १ लाख देखि ३ लाखसम्म | ५००। | |
| ७.३ | आयश्रोत प्रमाणित ३ लाख देखि १० लाखसम्म | ८००। | |
| ७.४ | आयश्रोत प्रमाणित १० लाख देखि माथि | १०००। | |
| **८.सर्जमिन दस्तुर :** | | | |
| ८.१ | वंशजको नागरिकताको सिफारिस सर्जमिन | ५००। | |
| ८.२ | नाता प्रमाणित सर्जमिन मुचुल्का दस्तुर | ५००। | |
| ८.३ | अन्य प्रयोजनका लागि सर्जमिन | ५००। | |
| **८.४** | प्रतिलिपी दस्तुर (A4वा सो भन्दा सानो साईजमा) | १०। | |
| ८.५ | प्रतिलिपी दस्तुर (A4भन्दा ठुलो साईजमा जस्तैः गुरुयोजना) | २०। | |

| क्र.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| ८.६ | ट्रेस नक्सानिर्माण तथा प्रमाणितः पहिलो १ कित्ता माग भएमा | २००। | |
| ८.७ | ट्रेस नक्सा प्रमाणित मात्र : पहिलो १ कित्ता माग भएमा | १५०। | |
| ८.८ | ट्रेस नक्सा १ कित्ताभन्दा बढी माग भएमा थप प्रति कित्ता | २००। | |
| ८.९ | सम्बन्ध विच्छेद सिफारिस | २५०। | |
| **९.सहकारी तथा अन्य संस्था दर्ता तथा नवीकरण** | | | |
| ९.१ | नयाँ संस्था दर्ता | २०००। | |
| ९.२ | संस्था नवीकरण | १०००। | |
| ९.३ | टोल विकास संस्था दर्ता | ५००। | |
| ९.४ | टोल विकास संस्था नविकरण | ५००। | चालु आ.व. मा नविरकण गर्नेलाई गत आ.ब.सम्मको शुल्क छुट |

| **१०.दरभाउ पत्र वा बोलपत्र दस्तुरः** | | |
|---|---|---|
| १०.१ | दरभाउ पत्र वा बोलपत्र फाराम दस्तुर | सार्वजनिक खरिद ऐन, नियमावली अनुसार हुने |
| १०.२ | रु. १ लाख भन्दा माथी १० लाखसम्म | |
| १०.३ | रु. १० लाख भन्दा माथी ६० लाखसम्म | |
| १०.४ | रु. ६० लाख भन्दा माथी ६ करोडसम्म | |
| १०.५ | रु. ६ करोड देखि माथी १० करोडसम्म | |
| १०.६ | रु. १० करोड देखि माथी २५ करोडसम्म | |
| १०.७ | रु.२५ करोडभन्दा माथी जतिसुकै भएपनि | |

**स्थानीय पाठ्यक्रम छपाईको लागि ईकपि सहित अनुमति दस्तुरः**

| सि. नं. | कक्षा विवरण | वार्षिक दर |
|---|---|---|
| १ | कक्षा १ | १२०००। |
| २ | कक्षा २ | १२०००। |
| ३ | कक्षा ३ | १२०००। |
| ४ | कक्षा ४ | १२०००। |
| ५ | कक्षा ५ | १२०००। |
| ६ | कक्षा ६ | १५०००। |
| ७ | कक्षा ७ | १५०००। |
| ८ | कक्षा ८ | १५०००। |







| **११. खानेपानी तथा सिचाई संस्था दर्ता सम्बन्धीः (कार्यविधी बमोजिम)** | | |
|---|---|---|
| अनुमती पत्र दस्तुर | | |
| क्र.सं. | उयोगको किसिम | लाग्ने दस्तुर रु. |
| ११.१ | खानेपानी तथा घरेलु उपयोग | २०००। |
| ११.२ | सिचाई | २०००। |
| ११.३ | पशुजन्य तथा मत्स्यपालन जस्ता कृषि जन्य उपयोग | १०००। |
| ११.४ | घरेलु उद्योग, औंधोगिक ब्यवषाय तथा खानी जन्य उपयोग | २०००। |
| ११.५ | जल यातायात | ५०००। |
| ११.६ | आमोद प्रमोदजन्य उपयोग | ५०००। |
| ११.७ | अन्य उपयोग | ५०००। |

**१२. जलश्रोत उपयोग वापत बुझाउनुपर्ने वार्षिक शुल्क**

| क्र.सं. | सिंचाईको हकमा | वार्षिक शुल्क रु. |
|---|---|---|
| १२.१ | २ हजार हेक्टरसम्म | १०००। |
| १२.२ | २ हजार देखी ५ हजार हेक्टरसम्म | २०००। |
| १२.३ | ५ हजार देखी १० हजार हेक्टरसम्म | ५०००। |
| १२.४ | १० हजार देखी १५ हजार हेक्टरसम्म | १००००। |
| १२.५ | १५ हजार देखी २० हेक्टर बमोजिम | १५०००। |
| १२.६ | २० हजार देखी २५ हजार हेक्टरसम्म | २००००। |
| १२.७ | २५ हजार हेक्टर भन्दा माथि | २५०००। |
| **खानेपानीको हकमाः** | | |
| १२.८ | २ हजारसम्म जनसंख्या | ५००। |
| १२.९ | २ हजार देखी ५ हजार जनसंख्या | २०००। |
| १२.१० | ५ हजार देखी १० हजार जनसंख्या | ५०००। |
| १२.११ | १० हजार देखी १५ हजार जनसंखया | १००००। |
| १२.१२ | १५ हजार देखी २० हजार जनसंख्या | १५०००। |
| १२.१३ | २० हजार देखी २५ हजार जनसंख्या | २००००। |
| १२.१४ | २५ हजार भन्दा बढी जनसंख्या | २५०००। |

**१३. अन्य शुल्कः**

१. प्रोजेक्टर भाडा प्रतिदिन रु. ५००।–

२. माछा मार्ने ठेक्का लगाउने (नगरपालिका क्षेत्र तर्फको भेरी नदी वा खोलामा) कार्यविधि बमोजिम

३. पशुपंक्षि नाम दर्ता शुल्क दर निर्धारणः आर्थिक विकास समितिको निर्णयबमोजिम हुनेछ।

४. नगरपालिकामा सूचीकृत प्रतिफर्म रु ५००।–

५. योजना किताव : रु. १५०।–

६. सहकारी विधान संशोधन / पुनर्लेखन दस्तुर – १०००।–

७. सहकारी एकीकरण दस्तुर – ४०००।–

८. परियोजना अन्तर्गतका उपभोक्ता समिति दर्ता – १०००।–

९. परियोजना अन्तर्गतका उपभोक्ता समिति नविकरण – २००।–

१०. भवन निर्माण गर्नुपर्ने अवस्थामा सडक वा सार्वजनिक स्थानमा सामग्री राख्नुपर्ने बाध्यात्मक परिस्थिती आएमा वडा कार्यालयको सिफारिसमा बढीमा ७ दिनका लागि रु. १,०००। र त्यसभन्दा बढी भएमा थप प्रतिदिन रु. १००। का दरले राजस्व लिइनेछ।

**द्रष्टव्य :** नगरपालिकाबाट गरिने सम्पूर्ण सिफारिस, सेवा तथा शुल्कमा दमकल शुल्क वापत रु.१०। थप लिइनेछ।

**१४. निषेधित क्षेत्रमा चोरी पैठारीमा संलग्न ट्याक्टर, टिप्पर, जेसिवि जरिवानाः**

| क्र.सं. | विवरण | जरिवाना रकम | कैफियत |
|---|---|---|---|
| १ | जेसिवि, स्काईभेटर, ब्याक हो लोडर | २०००० | दोहोर्याएमा प्रत्येक पटक दोब्बर |
| २ | टिप्पर | १५००० | दोहोर्याएमा प्रत्येक पटक दोब्बर |
| ३ | ट्याक्टर | ५००० | दोहोर्याएमा प्रत्येक पटक दोब्बर |







## अनुसूची–१०
## फोहोरमैला व्यबस्थापन शुल्क
(आर्थिक ऐन २०८३ को दफा ११ संग सम्बन्धित)

| क्र.सं. | फोहोर उत्पादन क्षेत्रको विवरण | मासिक शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | प्रति घरधुरी | ५० | |
| २ | खुद्रा पसल | १२५ | |
| ३ | थोक पसल | १७५ | |
| ४ | ठुला होटेल | २०० | |
| ५ | साना होटेल | १६० | |
| ६ | रेष्टुरेन्ट | १७० | |
| ७ | तरकारी तथा फलफुल पसल | १८० | |
| ८ | मासु पसल | ३०० | |
| ९ | सरकारी अस्पताल | ३०० | |
| १० | निजी अस्पताल तथा मेडिकल | ३५० | |
| ११ | नर्सिङ्ग होम | १००० | |
| १२ | नीजि क्याम्पस | १५०० | |
| १३ | सरकारी तथा गैरसरकारी संघ संस्थाहर | ३०० | |
| १४ | अटोपार्टस तथा ग्यारेज | २०० | |
| १५ | कवाडी व्यबसाय | २०० | |
| १६ | अन्य उद्योग | २०० | |
| १७ | कोल्ड स्टोर | १५० | |
| १८ | ड्राई क्लिनर | १०० | |
| १९ | मदिरा पसल | १५० | |
| २० | घुम्ती पसल | ५० | |
| २१ | ठेला फलफुल पसल | १२५ | |
| २२ | ठेला चार्ट पसल | १२५ | |
| २३ | व्यूटिपार्लर तथा हेयर कटिङ्ग सेन्टर | १२५ | |
| २४ | निजी मन्टेस्वरी | १५० | |
| २५ | फिटनेश सेन्टर | १५० | |
| २६ | स्केटिङ सेन्टर | १५० | |

| क्र.सं. | फोहोर उत्पादन क्षेत्रको विवरण | मासिक शुल्क रु. | कैफियत |
|---|---|---|---|
| २७ | संस्थागत प्रावि | ५०० | |
| २८ | संस्थागत निमावि | १००० | |
| २९ | संस्थागत मा वि | १५०० | |
| ३० | सामुदायिक प्रा वि | ३०० | |
| ३१ | सामुदायिक निमावि | ५०० | |
| ३२ | सामुदायिक मा वि | ८०० | |
| ३३ | पोलिक्लिनिक | १००० | |

**नोटः** एकमुष्ट वार्षिक रुपमा असोज सम्म फोहरमैला शुल्क बुझाउनेलाई १० प्रतिशत छुट गरिनेछ।

## अनुसूची–११
## भेरीगंगा नगरपालिकाको आ.व. २०८३/०८४ को भूमि तथा संरचनाको मूल्यांकन दर ः

(आर्थिक ऐन २०८३ को दफा १३ सँग सम्बन्धित)

**(क) भूमिको मूल्यांकन दर ः**

**सम्पति करको भूमि मूल्यांकन दर (प्रति रोपनी) २०८३/०८४**

**वडा नं. १**

| क्र.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आवाशीय | तल्लोभऱ्याङ, माथिल्लो भऱ्याङ, मनिरामकाँडा, बसेरी, सालघारी क्षेत्रको सडकको दाँया बाँया जोडिएका कित्ताहरु | ५०,०००। | |
| २ | कृषि | अन्य सबै जग्गा | २५,०००। | |

**वडा नं. २**

| क्र.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसायिक | सत्तरी क्षेत्रको रत्नराजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| २ | आवाशीय | सिस्नेरी काल्पानी सडक र सत्तरी मोहटी सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ५०,०००। | |
| ३ | कृषि | व्यवसायिक तथा आवाशीय क्षेत्रबाहेक अन्य सबै जग्गा | २५,०००। | |







**वडा नं. ३**

| क्र.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | डुँगीखोला सिमलतडा टोलक्षेत्र | १,००,०००। | |
| २ | आवाशीय | डुँगीखोला र अवलपराजुल क्षेत्रको सडक दायाँ बायाँ जोडिएका कित्ताहरु | ५०,०००। | |
| ३ | कृषि | व्यवसायिक तथा आवाशीय बाहेकका अन्य सबै जग्गा | २५,०००। | |

**वडा नं. ४**

| क्र सं | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | ठूलो हर्रेक्षेत्रको रत्न राजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | १७,००,०००। | |
| २ | व्यवसायिक | तोलीखोला पुल देखि ताउले खोला पुल आसपास रत्न राजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | १५,००,०००। | |
| ३ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ५,००,०००। | |
| ४ | कृषि | व्यवसायिक र आवाशीय क्षेत्रबाहेकका साविकका वडा नं.५ र ६ का अन्य सबै जग्गा | ३,००,०००। | |
| ५ | कृषि | व्यवसायिक तथा आवाशीय क्षेत्रबाहेकका साविकका वडा नं. ३ र ४ का अन्य सबै जग्गा | २,००,०००। | |

**वडा नं. ५**

| क्र.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | कालिदमार क्षेत्रको रत्न राजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | १५,००,०००। | |
| २ | आवाशीय | कालिदमार भर्लेनी सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| ३ | आवाशीय | भर्लेनी लेखहात्तिखाल सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| ४ | आवाशीय | बबई पुल देखि गेरुवानी सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| ५ | कृषि | साबिक वडा नं. २ (कालिदमार, तोलिखोला, लामितडा) का अन्य जग्गा | १,५०,०००। | |
| ६ | कृषि | साबिक वडा नं. १ (बबई हात्तीखाल, गेरुवानी, लेखहात्तिखाल, सिरेनी, भर्लेनी, ओइला, खजुरा) का अन्य जग्गा | १,००,०००। | |

## वडा नं. ६

| क्र. सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | छिन्चु घारीबन काल्चे सडक खण्डको ड्वारड्वारे खोला देखि भिङ्नीखोला क्षेत्रको दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| २ | आवाशीय | जहरे लेखभिङ्नी सडक खण्डको खानेपानी टंकीसम्म दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| ३ | आवाशीय | छिन्चु घारीवन काल्चे सडक खण्डको घारीवनदेखि ड्वारड्वारे खोलासम्मका दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| ४ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | १,५०,०००। | |
| ५ | कृषि | व्यवसायिकर आवाशीय बाहेकका अन्य सबै जग्गा | ५०,०००। | |

## वडा नं. ७

| क्र.सं | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | छिन्चु घारीबन काल्चे सडक खण्डको दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| २ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | १,५०,०००। | |
| ३ | कृषि | सडकले छोएका बाहेकका अन्य सबै जग्गा | ५०,०००। | |
| ४ | कृषि | कैनपानी सामाखोरिया क्षेत्रका जग्गाहरु | २५,०००। | |

## वडा नं. ८

| क्र. सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | छिन्चु जाजरकोट सडक खण्डको दायाँ बायाँ जोडिएका कित्ताहरु | ७,००,०००। | |
| २ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| ३ | कृषि | व्यबसायिक र आवाशिय क्षेत्र बाहेकका अन्य सबै जग्गा | ५०,०००। | |







## वडा नं. ९

| क्र सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | छिन्चु जाजरकोट सडक खण्डको जहरे बजार क्षेत्रको भिङ्नी खोलादेखि नाच्ने खोलासम्म दायाँ बायाँ जोडिएका कित्ताहरु | १२,००,०००। | |
| २ | व्यवसायिक | छिन्चु जाजरकोट सडक खण्डको लोहोरे खोलादेखि नाच्ने खोलासम्म र जहरे भेरी पुलदेखि गोलपार्कसम्म दायाँ बायाँ जोडिएका कित्ताहरु | ७,००,०००। | |
| ३ | आवाशीय | जहरे लेखभिङ्नी सडक खण्डको गोलपार्कदेखि शान्तिपुरसम्म दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| ४ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| ५ | कृषि | व्यवसायिक र आवाशीय क्षेत्रबाहेकका अन्य सबै जग्गा | ५०,०००। | |

## वडा नं. १०

| क्र.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | दुर्गा मन्दिर देखि तालबारी कल्भर्टसम्म रत्न राजमार्ग दाया ँबायाँ जोडिएका कित्ताहरु | ३०,००,०००। | |
| २ | व्यवसायिक | तालबारी कल्भर्ट देखि तोलीखोला पुलसम्म रत्न राजमार्ग दायाँ बायाँजोडिएका कित्ताहरु | २५,००,०००। | |
| ३ | व्यवसायिक | छिन्चु जाजरकोट सडक खण्डको मदानीचौर क्षेत्रको दायाँ बायाँ जोडिएका कित्ताहरु | ८,५०,०००। | |
| ४ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| ५ | कृषि | व्यबसायिक र आवाशीय क्षेत्रबाहेकका अन्य जग्गा | १,००,०००। | |
| ६ | कृषि | करेले क्षेत्रको जग्गा | ५०,०००। | |

## वडा नं. ११

| क्र. सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | छिन्चु जाजरकोट सडक खण्डको दायाँ बायाँ जोडिएका कित्ताहरु | ८,००,०००। | |
| २ | व्यवसायिक | रामघाट बजार भेरीपुलदेखि सेवाकेन्द्र हुँद राताचौरसम्म सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ९,००,०००। | |
| ३ | आवाशीय | शिखर मावि देखि थोत्रेखोलासम्म सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ५,००,०००। | |
| ४ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| ५ | कृषि | व्यबसायिक र आवाशीय बाहेकका अन्य जग्गा | ५०,०००। | |

## वडा नं. १२

| क्र.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | व्यवसायिक | दुर्गा मन्दिर देखि बसपार्क चोकसम्म रत्न राजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | ३५,००,०००। | |
| २ | व्यवसायिक | इलाका प्रहरी कार्यालय देखि छिन्चु खोला पुलसम्म सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | २५,००,०००। | |
| ३ | व्यवसायिक | बसपार्क चोक देखि उद्योग बाणिज्य संघ भवन र नगरपालिका भवन हुँदै इलाका प्रहरी कार्यालयसम्म सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | २०,००,०००। | |
| ४ | व्यवसायिक | बसपार्क चोक देखि टेलिकम टावरसम्म रत्न राजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | २०,००,०००। | |
| ५ | व्यवसायिक | मसिना जाजरकोटी टोल देखि पाँडुलेसम्म रत्न राजमार्ग दायाँ बायाँ जोडिएका कित्ताहरु | १०,००,०००। | |
| ६ | आवाशीय | ६ मिटर देखि माथिका भित्री सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | ६,००,०००। | |
| ७ | कृषि | व्यबसायिक र आवाशीय बाहेकका अन्य जग्गा | ३,००,०००। | |







## वडा नं. १३

| क्र.सं. | क्षेत्र | विवरण | मुल्य दर रु. | कै. |
|---|---|---|---|---|
| १ | आवाशीय | रामघाट रिङ्गरोड र राताचौर समैजीघाट सडक खण्डको दायाँ बायाँ जोडिएका कित्ताहरु | ३,००,०००। | |
| २ | आवाशीय | ८ मिटर देखि माथिका सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | २,००,०००। | |
| ३ | आवाशीय | ६ देखि ८ मिटरसम्मका सडकको दायाँ बायाँ जोडिएका कित्ताहरु | १,५०,०००। | |
| ४ | कृषि | व्यवसायिक र आवाशीय क्षेत्रबाहेकका अन्य सबै जग्गा | ५०,०००। | |

**(ख) संरचनाको मूल्यांकन दर निर्धारण रु. (प्रति वर्ग फिटमा) देहायबमोजिम हुनेछ :**

| क्षेत्र वर्गीकरण | आर.सि.सि. फ्रेम स्टक्चर | | सिमेन्ट जोडाईमा आर.सि.सि. छाना | | सिमेन्ट जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाईमा खरको छाना | | सेड | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यापारिक औद्योगिक तथा संस्थागत | बसोबास | व्यापारिक औद्योगिक तथा संस्थागत | बसोबास | व्यापारिक औद्योगिक तथा संस्थागत | बसोबास | व्यापारिक औद्योगिक तथा संस्थागत | बसोबास | व्यापारिक औद्योगिक तथा संस्थागत | बसोबास | व्यापारिक औद्योगिक तथा संस्थागत | बसोबास |
| बजार क्षेत्र | २००० | १५०० | १००० | ८०० | ८०० | ५०० | ४०० | ३०० | २०० | १०० | ३०० | १०० |
| ग्रामिण क्षेत्र | १५०० | १००० | ८०० | ५०० | ५०० | ३०० | ३०० | २०० | १०० | १०० | १०० | १०० |

## अनुसूची-१२

(आर्थिक ऐन २०८३ को दफा १५ संग सम्बन्धित)

**कवाडी, जडीबुटीर जीवजन्तु निकासी करदररेट**

| क्र.सं. | कवाडी सामानको नाम | ईकाइ | दररेट | कै. |
|---|---|---|---|---|
| १ | अखवार कागज तथा कार्टुनजन्य पदार्थहरु | प्रति केजी | रु. २ | |
| २ | **जेजस्तो अवस्थामा छ पुनः सोही रुपमा प्रयोग गर्न सकिने** | | | |
| २.१ | खाली शिशी हल्का पेयपदार्थ वाहेक (वियरको) | प्रतिगोटा | ०.२५ पैसा | |
| २.२ | खाली शिशी (५०० एम एल भन्दा माथि | प्रतिगोटा | ०.२५ पैसा | |
| २.३ | खाली शिशी (५०० एम एल भन्दा तल | प्रतिगोटा | ०.२५ पैसा | |
| २.४ | प्लाष्टीकका वोतल, भाडाकुडा, जुत्ता, चप्पल ग्यालेन, | प्रतिगोटा | ०.२५ पैसा | |
| ३ | **खाली बोरा** | | | |
| ३.१ | जूटको बोरा ५० केजी क्षमता भन्दा माथि | प्रतिगोटा | ०.१५ पैसा | |
| ३.२ | जूटको बोरा ५० केजी क्षमता भन्दा तल | प्रतिगोटा | ०.१० पैसा | |
| ३.३ | प्लाष्टीकको बोरा ५० केजी क्षमता भन्दा माथि | प्रतिगोटा | ०.१० पैसा | |
| ३.४ | प्लाष्टीकको बोरा ५० केजी क्षमता भन्दा तल | प्रतिगोटा | ०.०५ पैसा | |
| ४ | **पुनः प्रशोधन गरी प्रयोग गर्न सकिने** | | | |
| ४.१ | भिण्ड्राकृति र कृतिम ऊन तथा धागोजन्य टुक्रा | प्रति के जी | ०.५० पैसा | |
| ४.२ | गार्मेट कपाडाका टुक्रा | प्रति के जी | रु १ | |
| ४.३ | जलेको मोविल | प्रतिलिटर | ०.२५ पैसा | |
| ४.४ | प्लाष्टिक टुक्रा | प्रति के जी | ०.५० पैसा | |
| ४.५ | पुराना टायर, ट्युव | प्रति के जी | ०.५० पैसा | |
| ४.६ | पुराना टिन | प्रति के जी | रु १ | |
| ४.७ | पुराना ड्रम | प्रति के जी | ०.५० पैसा | |
| ५ | **धातुका कवाडी सामानहरु** | | | |
| ५.१ | फलामजन्य सामान तथा टुक्रा | प्रति के जी | रु.२।- | |
| ५.२ | अन्य धातु-तामा पित्तल, जिङ्क आदीका सामानहरु | प्रति के जी | रु.३।- | |
| ५.३ | बिग्रेका मेसिनरी औजार तथा पार्टपुर्जा, सोलार, ब्याट्री | प्रति के जी | रु.३।- | |
| ५.४ | पोलिथिन पाइपका टुक्रा | प्रति के जी | रु.१।- | |





| क्र.सं. | कवाडी सामानको नाम | ईकाइ | दररेट | कै. |
|---|---|---|---|---|
| ५.५ | सिसा (लिडका टुक्रा र धुलो) | प्रति के जी | रु.२।- | |
| ५.६ | कांचको टुक्रा र धुलो | प्रति के जी | रु.१।- | |
| ५.७ | मिनरल वाटरका बोतलहरु | प्रतिगोटा | ०.१० पैसा | |
| ६ | **जडीबुटी तथा जीवजन्तु निकासी** | | | |
| ६.१ | मृत जीवजन्तुको हाड, छाला,सिङ, प्वाँख (कानूनले निषेधित गरिएका जीवजन्तु बाहेक) | प्रतिटीप | रु.५०।- | |
| ६.२ | खोटो | प्रति केजी | ५० पैसा | |
| ६.३ | सालको विया | प्रति केजी | ५० पैसा | |
| ६.४ | अन्य बनस्पतिको विया | प्रति केजी | २० पैसा | |
| ६.५ | अदुवा | प्रति क्यून्टल | १०। | |
| ६.६ | टिमुर | प्रति केजी | १। | |
| ६.७ | साल सिसौ खयर काठ निकासी | प्रति ट्रक | १०००। | |
| ६.८ | अन्य काठ निकासी | प्रतिट्रक | ५००। | |
| ६.९ | वास प्रति घना | प्रतिघना | २। | |
| ६.१० | पशु निकासी रागा खसी बोका भेडा | प्रति गोटा | १०। | |
| ६.११ | सल्लोको सिम्टा | प्रति केजी | ०.२५ पैसा | |
| ६.१२ | बाँस | प्रति घना | रु.२। | |
| ६.१३ | साल सिसौ खयर काठ निकासी | प्रति ट्रक | रु.१०००। | |
| ६.१४ | अन्य काठ निकासी | प्रति ट्रक | रु.५००। | |
| ६.१५ | तेलजन्य पदार्थ निकासी | प्रति लिटर | रु.१। | |
| ६.१६ | ठुलो छाला | प्रति गोटा | रु.४०। | |
| ६.१७ | सानो छाला | प्रति गोटा | रु.१५। | |
| ६.१८ | अन्य जडिबुटी (कानूनले निषेधित गरिएको बाहेक) | प्रति केजी | ०.५० पैसा | |
| ६.१९ | बनकस, निगालो, अम्लिसो, पराल, लोक्ता | प्रति गाडी | रु. ५०। | |
| ६.२० | काठको धुलो | प्रति टिप | रु. ५००। | |
| ६.२१ | धानको भुस | प्रति टिप | रु. २००। | |

**आज्ञाले,**
**हरि बहादुर खत्री**
प्रमुख प्रशासकीय अधिकृत